ネパール語
नेपाली संस्करण

विदेशी परिवारहरुको लागि

# जापानको स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय) मा भर्ना हुनु अघि

(जीवनयापन पुस्तिका)

बालबालिकाको
भविष्य बारे सोचौं




चित्रण: मोरिता केन्गो

## स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय) जाउँ !

**～स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय) क्यारियर शिक्षाको सुरुवात हो～**

- आफु सिपालु भएको अथवा नभएको क्षेत्र बारे थाहा पाउने
- आफुले लिएको कार्यभार प्रति जिम्मेवारी लिनुको महत्त्वता बारे थाहा पाउने
- निर्णय गरिएको वा तोकिएको समय पालन गरेर कार्य गर्ने
- नियमको आवश्यकता बारे बुझी, पालना गर्ने

यिनीहरु, भविष्यमा बालबालिकाहरुले जापानमा काम गर्दा आवश्यक पर्ने आत्मबल संग सम्बन्धित छन्। पारिवारिक जीवनयापन मात्र बालबालिकाको मानसिक विकासको लागि पर्याप्त नहुने भएकोले अहिले मात्र प्राप्त गर्न सकिने शिक्षा बालबालिकाहरुले प्राप्त गर्न सकुन! भाषा अथवा सांस्कृतिक भिन्नताको कारणले गर्दा सिक्न वा जान्न सकिने कुराहरु धेरै छन्!

**स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय) जाऔं!**

# कहाँ फरक होला?

## स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय) र
## होउइकुएन / योउचिएन (किन्डरगार्टेन/नर्सरी स्कूल)

### जाने · फर्कने




घर बाट स्कूल सम्म ढुक्क भएर स्कूल जान/आउनको लागि बाटो फिक्स हुन्छ। त्यसलाई **चुगाक्कोउरो** (स्कूल प्राथमिक बाटो)भनिन्छ।

### एक दिनको दिनचर्या




**स्योउ-गाक्कोउ** (प्राथमिक विद्यालय) द्वारा ल्याउन पर्ने सामाग्री र गृहकार्य बारे जानकारी गरिन्छ। यस बारे सम्पर्क पुस्तिकामा लेखिएको हुन्छ। हरेक दिन आफ्नो बच्चा संगै जाँच गरौँ।

### शिक्षकबाट सम्पर्क






### सधै स्कूल जाउँ !

बच्चा विरामी भएको बेला बाहेक अन्य समयमा स्कूलमा बिदा बसाउने बानी नगरौँ ! स्कूलमा बिदा बस्यो भने कक्षाको पढाई बुझ्न गार्हो हुँदै जान्छ। साथै, साथी संगको सम्बन्ध या स्कूलको क्रियाकलाप प्रतिको रुचिमा पनि असर गर्दछ। घरको कामकाजमा सहयोग, भाइबहिनीको हेरचाह गर्नुपर्ने पनि हुन सक्छ तर पनि बालबालिकाहरु रमाइलो मान्दै, ढुक्क भएर स्कूल आउने वातावरण बनाउँ ।

# भर्ना गर्नु अघि, यो मात्र ...

## सकिन्छ कि? टिक ✓ लगाउँ!

**अझै नसकिने कुरा छ भने, स्कूल प्रवेश गर्दा सम्म यसलाई अभ्यास गर्यो भने राम्रो हुन्छ!**

- [ ] **हरेक दिन निश्चित गरिएको समयमा चाडैं सुत्ने/चाडैं उठ्ने**

  राम्रो निद्राले अध्ययन क्षमतामा वृद्धि गराउँछ । रातिको 9 बजेसम्ममा सुत्ने बानी गर्यो भने राम्रो हुन्छ।



- [ ] **आफैले आफ्नो लुगा फेर्न सक्ने**
- [ ] **चपस्टिक प्रयोग गरेर 20 मिनेट भित्र खाना खान सक्ने**
- [ ] **आफ्नो नाम भन्न सक्ने**
- [ ] **नाम बोलाउंदा「हाइ」भन्न सक्ने**



- [ ] **गाह्रो पर्दा, अरुलाई भन्न सक्ने**
  - [ ] ट्राइलेट जान चाहन्छु
  - [ ] पेट दुख्यो
  - [ ] सन्चो नभएको महसुस गरेको



- [ ] **ट्राफिक नियम पालना गर्न सक्ने**
  - [ ] ट्राफिक संकेत पालना गर्ने
  - [ ] बायाँ र दायाँ हेरेर जेब्रा क्रसिङ काट्न सक्ने
- [ ] **「धन्यबाद」(「आरिगातोउ」)「माफ गर्नुहोस्」(「गोमेनासाई」) भन्न सक्ने**



- [ ] **डरलाग्दो काम नगर्ने**







### ～आमा-बुबालाई～

- स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय)मा विदा (केस्सेकी) • ढिलो (चिकोकु) • चांडै फर्कने(सोउताइ) बेलाको लागि विद्यालयमा गर्ने फोन सम्पर्कको तरिका जांच गरिराखौं।
- भविष्यमा, जापानमा एइज्यु भिसा( स्थाई बसोबास अनुमति भिसा)मा परिवर्तन गरेर अझै माथि तह सम्मकोअध्ययन गर्ने • काम गर्ने अथवा आफ्नै देशमा फर्कने बारे बालबालिकाको लागि सोची राखौं।

स्कूलमा सम्पर्क

# ~जापानको स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय) को अनौठा कुराहरु~

### खानेकुरा (चकलेट, चिप्स आदि)लग्दा रिसाए !



स्कूलमा खानेकुरा (चकलेट, चिप्स आदि)लिएर जान निषेध छ। 「पढाईको लागि आवश्यक सामाग्री बाहेक अन्य सामाग्री लान नमिल्ने」 नियम छ। यदि भोक लाग्ला जस्तो लाग्छ भने बिहानको खाजा अथवा स्कूलमा खुवाइने क्युस्योकु (दिउँसोको खाना) पेट अघाउने गरि खाने !



### विद्यालयको सरसफाई गर्न लगायो !

जापानमा विद्यार्थीहरु आफैले विद्यालयको सरसफाई गर्दछन्। आफैले सरसफाई गर्दा 「सामानको जतन गर्ने」 「राम्ररी प्रयोग गर्ने」 भन्ने बिचारमा वृद्धि आउँदछ।

### प्रत्येक दिन गृहकार्यको मात्रा अधिक हुने !



स्यानै उमेर देखि पढ्ने बानी बसालौं । स्कूलमा मात्र नभई घरमा पनि आफैले पढ्ने बानी महत्त्वपूर्ण हुन्छ। घरका व्यक्तिहरुले 「गृह कार्य गरौँ」 भनि बालबालिकाको साइडमा बसे मात्र पनि बालबालिकाहरुले ढुक्कका साथ गृह कार्य गर्न सक्दछन्।

### महत्त्वपूर्ण ! अभिभावक र बालबालिका वीचको कुराकानी !

बालबालिका स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय)मा भर्ना भए पछि समय-समयमा स्कूल अथवा अध्ययन संग सम्बन्धि विभिन्न जानकारीहरु इच्छुकताका साथ सोध्ने गरौं। अभिभावक र बालबालिका वीच राम्ररी कुराकानी भएमा ① **स्कूलको अवस्था बारे जान्न र बुझ्न सकिने** ② **बालबालिकाको मातृभाषा अझै राम्रो हुँदै जाने** ③ **बालबालिकाले स्कूलमा भोगेको समस्या बारे बुझ्न सकिने आदि** ・・・राम्रा कुराहरु धैरे छन्। साथै, सधैँ खुलेर कुराकानी गर्दा बालबालिकाहरु संचिकै समस्यामा पर्दा पनि परामर्श गर्न सजिलो हुन्छ। बालबालिकाहरुले आफ्नो खुसीका कुरा, समस्या आदि खुलेर भन्न सक्ने वातावरणको निर्माण गरौं।

**घरमा प्रयोग हुने भाषा**


आइची क्योउइकु दाइगाकु गाइकोकुजिन जिदोउ सेइतोउ सिएन रिसोर्स रूम

〒448-8542 हिरोसावा, इगया च्योउ, खारीया सी, आइची 1

Tel:0566-26-2219　Fax: 0566-26-2566　e-mail: gendaigp@auecc.aichi-edu.ac.jp


愛知教育大学　リソースルーム